WORKSAFE ACT SAFE + HEALTHY WORKPLACES

निर्देशन नोट

# वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजना

## (WORK HEALTH AND SAFETY MANAGEMENT PLAN)

वर्क हेल्थ एण्ड सेफ्टी (**Work Health and Safety)** व्यवस्थापन योजना तयार र कायम गर्नको लागि यो निर्देशन नोटले मुख्य आवश्यकताहरु वर्णन गर्छ।

वर्क हेल्थ एण्ड सेफ्टी (WHS) व्यवस्थापन योजना भनेको लिखित योजना हो, जसले निर्माण परियोजना सञ्चालन गर्ने स्थानमा स्वास्थ्य र सुरक्षा मामिलाको लागि व्यवस्थापन मिलाउँछ।

निर्माण परियोजना कार्य सुरु हुनु अघि कार्यस्थलको लागि निर्माण परियोजनाको मुख्य ठेकेदारले वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजना तयार गर्नै पर्छ। परियोजनामा काम सुरु गर्नु अघि नै मुख्य ठेकेदारले परियोजनामा काम गरिरहेका सबैजनालाई वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजनाको विषयबस्तु र योजना हेर्ने तिनीहरुका अधिकार बारे सचेत भएका छन् भनी सुनिश्चित गर्नै पर्छ।

निर्माण परियोजना भनेको त्यस्तो परियोजना हो, जसमा निर्माण कार्य खर्च $२५०,००० वा बढी हुन्छ, वा निर्माण कार्यमा लुज फिल यास्बेस्टस इन्सुलेशन (loose-fill asbestos insulation) (जसलाई Mr Fluffy पनि भनिन्छ) रहेका संरचना भत्काउने वा सुधार गर्ने कार्य संलग्न हुन्छ।

वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजनामा निम्न समावेश भएको हुनै पर्छ:

- वर्क हेल्थ एण्ड सेफ्टी नीतिहरु संकलन, आकलन, अनुगमन र समिक्षाको लागि खास व्यवस्थाहरु,
- तालिम,
- जोखिम व्यवस्थापन प्रकृयाहरु,
- उप-ठेकेदारको व्यवस्थापन, र
- चोटपटकको व्यवस्थापन।

निर्माण परियोजनाको लागि मुख्य ठेकेदारले समिक्षा गर्न र आवश्यकता अनुसार वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजना अप-टु-डेट रहेको छ भनी सुनिश्चित गर्न त्यसलाई परिमार्जन गर्नै पर्छ।

वर्क हेल्थ एण्ड सेफ्टी कानून अन्तर्गत, वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजना र सेफ वर्क मेथड स्टेटमेन्ट (Safe Work Method Statement) (SWMS) का फरक आवश्यकताहरु छन्, यि दुईलाई एक अर्काको सट्टामा लिन सकिंदैन। वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजनाको हिस्साको रुपमा सेफ वर्क मेथड स्टेटमेन्ट (SWMS) हुनसक्छ। यस निर्देशन नोटको अन्तमा वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजना नमूना राखिएको छ।

मुख्य ठेकेदारले सामान्य वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजना तयार पार्न सक्छ, जुन थुप्रै निर्माण परियोजनाहरुमा लागू गर्न मिल्ने क्षमता राख्छ। तापनि, खास परियोजना र कार्यस्थलको लागि खतराहरु र जोखिमहरुलाई ध्यानमा राख्न, सामान्य योजनालाई मुख्य ठेकेदारद्वारा समिक्षा र परिमार्जन गरेकै हुनु पर्छ।

सामान्यतया धेरै ठेकेदारहरु र उप-ठेकेदारहरु संलग्न हुने र दिन दिनै परिस्थितिहरु फेरबदल हुनसक्ने भएकोले जटिल निर्माण परियोजनासङ्ग सम्बन्धित जोखिमहरु व्यवस्था गर्न, वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजनाको उद्देश्य आवश्यक प्रकृयाहरु रहेका छन् भनी सुनिश्चित गर्नु हो।

आफूले गरेको कार्य, उही स्थानमा काम गरेका अन्य ठेकेदारहरु र उप-ठेकेदारहरुद्वारा प्रयोग गरेका नियन्त्रण उपायहरुसङ्ग बाझिन्न वा अरुको लागि अतिरिक्त जोखिम सृजना गर्दैन भनी मुख्य ठेकेदारले सुनिश्चित गर्नु पर्छ। कार्य र कार्यस्थलको प्रकृतिसङ्ग वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजना उपयुक्त छ भनी सुनिश्चित गर्न, कुनै हेल्थ सेफ्टी रिप्रिजेन्टिभ्स (HSRs), ठेकेदारहरु र उप-ठेकेदारहरु लगायत सम्बन्धित कामदारसङ्ग मुख्य ठेकेदारले परामर्श गर्नु पर्छ।

वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजनामा निम्न जानकारी हुनै पर्छ:

- कार्यस्थलका सबै मानिसहरुको नामहरु, पदहरु र स्वास्थ्य र सुरक्षा जिम्मेवारीहरु जसका पद वा भूमिकाहरु परियोजनासङ्गको सन्दर्भमा तोकिएको स्वास्थ्य र सुरक्षा जिम्मेवारीहरु पर्छ
- वर्क हेल्थ एण्ड सेफ्टी कानून-२०११ (WHS Act) (2011) र वर्क हेल्थ एण्ड सेफ्टी रेगुलेशन-२०११ (WHS Regulation) (2011) अन्तर्गत तिनीहरुको कर्तब्यहरु पालना सम्बन्धमा, निर्माण परियोजना चलाउने कार्यस्थलमा कृयाकलापहरुको परामर्श, सहकार्य र संयोजनको लागि कुनै व्यवसाय वा कारोबार चलाउने व्यक्तिहरु (PCBU) बिच प्रबन्धहरु मिलाउने
- घटेको कुनै वर्क हेल्थ एण्ड सेफ्टी घटनाहरु व्यवस्थित गर्नको लागि प्रबन्धहरु मिलाउने
- यी नियमहरु कार्यस्थलका सबै मानिसहरुलाई सुचित गरियो भनी सुनिश्चित गर्नको लागि, कुनै तोकिएको स्थानमा स्वास्थ्य र सुरक्षा नियमहरु, र प्रबन्धहरु मिलाउने, र
- कार्यस्थलमा सेफ वर्क मेथड स्टेटमेन्ट (SWMS) को संकलन र कुनै आकलन, अनुगमन र समिक्षाको लागि प्रबन्धहरु मिलाउने।

कार्यस्थलमा निम्न पालना गरेको सुनिश्चित गर्न मुख्य ठेकेदारले प्रबन्धहरु पनि मिलाउनु पर्छ:

- कार्यस्थलको निर्माण सामाग्रीहरु र फ्याँक्नु पर्ने वस्तुको भण्डारण, सार्ने काम र परिचालन
- प्रयोगमा नरहेको कारखानाको सम्भार
- कार्यस्थलको हाताको ट्राफिक जसलाई निर्माण परियोजनासङ्ग सम्बन्धित निर्माण कार्यद्वारा असर पार्न सक्छ
- कार्यस्थलमा अत्यावश्यक सेवाहरु
- सामान्य काम गर्ने वातावरण
- प्राथमिक उपचार
- आपतकालिन योजनाहरु
- व्यक्तिगत सुरक्षात्मक उपकरण (Personal Protective Equipment)
- वायुजन्य प्रदुषकहरुबाट हुने जोखिमहरुको व्यवस्था
- खतरनाक अवस्थाहरु
- ज्वलनशील वा दहनशील पदार्थहरूको भण्डारण, र
- निर्माण कार्य गर्न, कामदारहरुले उपयुक्त लाइसेन्सहरु र तालिम लिएका छन् भनी सुनिश्चित गर्ने।

वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजना तयार गर्नमा असफल मुख्य ठेकेदारले व्यक्तिगतको लागि $६,००० सम्म वा संस्थागत निकायको लागि $३०,००० सम्म जरिवाना तिर्नु पर्ने हुनसक्छ।

वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजनाहरु तयार र व्यवस्था गर्ने थप जानकारीको लागि, *Construction Work Code of Practice* र Work health and safety management plans webpage मा हेर्नुहोस्।

## वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजना समिक्षा गर्दै

वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजना अप-टु-डेट छ भनी सुनिश्चित गर्न, त्यसलाई समिक्षा र परिमार्जन गर्नको लागि मुख्य ठेकेदार जिम्मेवार हुन्छ।

वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजनालाई आवश्यकता अनुसार समिक्षा गर्नै पर्छ। उदाहरणको लागि, यदि त्यहाँ उल्लेखनीय हेरफेर भएका छन् भने त्यसलाई समिक्षा गर्नु पर्छ:

- स्थलको (Site) अवस्थाहरु
- स्थलको सुरक्षा नियमहरु, वा
- स्वास्थ्य र सुरक्षाको लागि जिम्मेवारी भएका व्यक्तिहरु।

कार्यस्थलमा वर्क हेल्थ एण्ड सेफ्टी घटना पश्चात वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजनालाई पनि समिक्षा र परिमार्जन गर्नु पर्छ।

वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजना सम्बन्धित कामदारहरु, ठेकेदारहरु, उप-ठेकेदारहरु र  हेल्थ सेफ्टी रिप्रिजेन्टिभ्स (HSRs) को परामर्शमा समिक्षा गर्नु पर्छ।

यदि समिक्षा पश्चात प्रकृया परिवर्तित भएमा, मुख्य ठेकेदारले यथोचितरुपमा व्यावहारिक भएसम्म निर्माण परियोजनामा काम गरिरहेका प्रत्येक व्यक्तिलाई फेरबदल बारे सुचित भएको सुनिश्चित गर्नै पर्छ।

## वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजना राख्दै

निर्माण परियोजना सञ्चालन कार्यस्थलमा वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजना राख्नु पर्छ। यसमा विद्युतिय प्रतिलिपिहरु लगायत पर्दछन्।

सम्बन्धित कामदारहरुको लागि उपलब्ध गराउन र वर्कसेफ एसिटी निरीक्षक (WorkSafe ACT Inspectors) द्वारा निरीक्षणको लागि, व्यवसाय वा कारोबार चलाउने व्यक्तिहरु (PCBU) ले वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजनाको प्रतिलिपी राख्नै पर्छ।

एक प्रतिलिपी निर्माण परियोजना समाप्त नभइन्जेल राख्नै पर्छ। यदि निर्माण परियोजनासङ्ग जोडिएको उल्लेखनीय घटना भएमा, घटना भए पश्चात कम्तिमा २ बर्षको लागि वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजना राख्नै पर्छ।

वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजना परिमार्जित भएको खण्डमा, प्रत्येक संस्करण राख्नु पर्छ।

## परामर्श

वर्क हेल्थ एण्ड सेफ्टी कानून अनुसार स्वास्थ्य र सुरक्षाको दायित्व भएका प्रत्येक व्यक्तिले सोही मामिलामा दायित्व रहेका प्रत्येक व्यक्तिसङ्ग परामर्श, सहकार्य र संयोजन गतिविधी गर्न आवश्यक पर्छ।

जोखिमहरु के हुन्, कुन कामदारहरु प्रभावित छन् र कसरी जोखिमहरुलाई नियन्त्रित गरिनेछ भन्ने कुरामा कार्यसङ्ग सम्बन्धित सबैजनाको साझा बुझाइ छ भनी दायित्व भएका व्यक्तिहरु बिच परामर्श गर्नाले सुनिश्चित गर्छ।

मुख्य ठेकेदारले वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजना साइटमा, व्यवसाय वा कारोबार चलाउने व्यक्तिहरु (PCBU) बिच परामर्श, सहकार्य र संयोजनको लागि मिलाइएको प्रबन्धहरु डकुमेन्ट गरेर राख्नै पर्छ।

कार्यस्थलमा परामर्श, सहकार्य र संयोजन बारे थप जानकारीको लागि, *Work Health and Safety Consultation, Cooperation and Coordination Code of Practice* मा हेर्नुहोस्।

सेफ वर्क मेथड स्टेटमेन्ट्स बारे थप जानकारीको लागि, *Guidance note: Safe Work Method Statements* मा हेर्नुहोस्।

WORKSAFE ACT SAFE + HEALTHY WORKPLACES

# Attachment A— वर्क हेल्थ एण्ड सेफ्टी व्यवस्थापन योजना नमूना

**मुख्य ठेकेदारको विवरणहरु:**

टेक्स्ट उल्लेख गर्न यहाँ क्लिक गर्नुहोस्

**परियोजनाको विवरणहरु (उपयुक्त भएमा परियोजनाको ठेगाना राख्नुहोस्):**

टेक्स्ट उल्लेख गर्न यहाँ क्लिक गर्नुहोस्

**तोकिएको स्वास्थ्य र सुरक्षा जिम्मेवारी भएका मानिसहरु**

यस परियोजनाको लागि तोकिएको स्वास्थ्य र सुरक्षा जिम्मेवारी भएका मानिसहरुको विवरणहरु सुचिकृत गर्नुहोस्। उदाहरणको लागि, साइट सुपरिवेक्षक, सुरक्षा प्रबन्धक; वा जहाँबाट तिनीहरुका तोकिएको सम्पर्क विवरणहरु प्राप्त गरिन्छ

| नाम | पद | वर्क हेल्थ एण्ड सेफ्टी जिम्मेवारीहरुको संक्षिप्त वर्णन |
|---|---|---|
| | | |
| | | |

| परामर्श, सहकार्य र संयोजनको लागि मिलाइएका प्रबन्धहरु | जिम्मेवार व्यक्तिहरु |
|---|---|
| **व्यवसाय वा कारोबार चलाउने व्यक्तिहरु (PCBU) बिच परामर्श, सहकार्य र संयोजन प्रबन्धहरु वर्णन गर्नुहोस्**, जस्तै उप-ठेकेदारहरु, त्यसैले यदि ओभरल्याप भएमा, वर्क हेल्थ एण्ड सेफ्टी कानूनहरुसङ्ग पालना गर्ने सम्बन्धमा अरुको गतिविधीहरुमा प्रत्येक जानकार हुन्छन्। | |
| | |
| | |
| | |

| वर्क हेल्थ एण्ड सेफ्टी घटनाहरु व्यवस्था गर्नको लागि प्रबन्धहरु मिलाउने | जिम्मेवार व्यक्तिहरु |
|---|---|
| घट्न सक्ने घटनाको प्रत्येक किसिम व्यवस्थित गर्ने प्रबन्धहरु र कसले आपतकालिन सेवाहरु र स्थानीय सुरक्षा निकायलाई सम्पर्क गर्नेछ बर्णन गर्नुहोस्। साथै परियोजनाको लागि मिलाइएको प्राथमिक उपचारको प्रबन्धहरु बर्णन गर्नुहोस्। | |

| वर्क हेल्थ एण्ड सेफ्टी घटनाहरु व्यवस्था गर्नको लागि प्रबन्धहरु मिलाउने | जिम्मेवार व्यक्तिहरु |
|---|---|
| | |
| | |
| | |

| सेफ वर्क मेथड स्टेटमेन्ट (SWMS) | जिम्मेवार व्यक्तिहरु |
|---|---|
| कार्यस्थलमा सेफ वर्क मेथड स्टेटमेन्ट (SWMS) संकलन, आकलन, अनुगमन र समिक्षा गर्ने प्रबन्धहरु उल्लेख गर्नुहोस् | |
| | |
| | |
| | |

| साइट सुरक्षा नियमहरु | नियमहरु सञ्चार गर्नको लागि जिम्मेवार व्यक्तिहरु |
|---|---|
| प्रत्येक नियम सरल र प्रस्ट हुनु पर्छ। नियमले कसलाई समेट्छ र त्यसलाई सञ्चार गर्न को जिम्मेवार छ/नियमहरु कार्यस्थलमा कसरी प्रत्येक व्यक्ति जानकार हुन्छन् भनी सुनिश्चित गरिन्छ उल्लेख गर्नुहोस्। | |
| | |
| | |
| | |